बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य ,भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

प.सं.:०८२/०८३

च.नं.:

भरतपुर, चितवन, नेपाल

**निःशुल्क स्टल राख्न इच्छुक उद्यमीहरूलाई प्रस्ताव/आवेदन पेस गर्ने बारे सूचना !**

**सूचना प्रकाशित मितिः २०८२/१२/०५**

चितवन उद्योग संघ, चितवनबाट मिति २०८२/१२/२७ गते देखि २०८२/१२/२९ गतेसम्म चितवन प्रदर्शनी केन्द्र, भरतपुर, चितवनमा आयोजना हुने **"दशौं अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी"** मा चितवन जिल्लाका उद्यमीहरूद्वारा उत्पादित वस्तुको प्रदर्शनी तथा प्रवर्द्धन गर्ने उद्देश्य रहेको उक्त प्रदर्शनी मेलामा यस कार्यालयबाट निःशुल्क स्टल प्रदान गरिने भएकोले इच्छुक उद्यमीहरूले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन (२०८२/१२/१५ गते) कार्यालय समयभित्र तल उल्लेखित कागजातहरू संलग्न गरी यस कार्यालयमा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू:**

१. आ.व. ०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२. अद्यावधिक गरिएको उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि (प्रदेश कानून बमोजिम दर्ता भएका उद्योगहरू)

३. आफ्नो उद्योगबाट उत्पादित वस्तुहरूको फोटो, उत्पादन प्रक्रियाबारे जानकारी दिने फोटो

**आवेदन दिने स्थानः**

उद्योग तथा वाणिज्य कार्यालय, चितवन

**आवेदन दिने अन्तिम मितिः**

२०८२/१२/१५ गते कार्यालय समयभित्र

**नोटः साथै प्राप्त हुने सबै आवेदनहरूमध्येबाट स्टलको उपलब्धता हेरी प्रवर्द्धन गर्न योग्य उद्यमीहरूलाई सिफारिस गरिने छ। यसभन्दा अगाडि यस्तै प्रकारका मेला/प्रदर्शनीमा सहभागी भएका उद्यमीहरूलाई सिफारिस गरिने छैन भने यस कार्यालयबाट गत आ.व.मा तालिम लिई उद्योग सञ्चालन गर्नुहुने उद्यमीहरूलाई विशेष प्राथमिकता दिइने छ।**

२०८२/१२/०५

शक्तिमान कुमाल

कम्प्युटर अधिकृत

अधिकृतस्तर सातौं

फोन : ०५६-५९४११६, ५९०१९६, इमेलः icochitwan@bagamati.gov.np, csiochitwan@gmail.com